# गोरखापत्र संस्थान
## प्रदेशस्तरीय प्रकाशन कार्यालय
## विराटनगर ।

## झुरा कागज, लाप्सा कागज, पुराना अखबार, कोर पाइप एवं आल्मुनियम पाता बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको २१ दिने सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७७।८।१६**

**सूचना नं. प्र.प्र.का.वि.१/०७७/०७८**

यस कार्यालयको प्रकाशन कार्यमा प्रयोग भई पुनः प्रयोगमा नआउने तथा प्रकाशन कार्य गर्दा प्रेसबाट निस्कने तपसिल बमोजिमका सामानहरु आ.व.०७७।०७८ का लागि सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले तपसिलमा उल्लेखित सामानहरू उठाई लैजान इच्छुक व्यक्ति वा संघ संस्थाहरूले Vat (मू.अ.क.) दर्ताको प्रमाणपत्र सहित के–कति दररेटमा उठाई लैजान सकिन्छ, संस्थानबाट बिक्री गरिने बोलपत्र फाराम खरिद गरी प्रथमपटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | सामानको विवरण | जम्मा गर्नुपर्ने धरौटी रकम | न्यूनतम मुल्य (भ्याटबाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | झुरा कागज | ३०,०००।– | रु.१६।– प्रति के.जी. | मू.अ.क. लाग्ने |
| २ | लाप्सा कागज | २५,०००।– | रु.४४।५० प्रति के.जी. | मू.अ.क. लाग्ने |
| ३ | पुराना अखबार | ७,५००।– | रु.१९।– प्रति के.जी. | मू.अ.क. लाग्ने |
| ४ | कोर पाइप | ८,५००।– | रु.४४।५० प्रति थान | मू.अ.क. लाग्ने |
| ५ | आल्मुनियम पाता | ५०,०००।– | रु.१६०।–प्रति के.जी. | मू.अ.क. लाग्ने |

**सिलबन्दी बोलपत्रका सर्तहरूः**

१. सिलबन्दी बोलपत्र फाराम रु.१०००/- तिरी संस्थानको प्रदेशस्तरीय प्रकाशन कार्यालयबाट प्राप्त गर्न सकिनेछ र खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा संघ संस्थाहरूले एकमुष्ठ वा अलग अलग रूपमा पनि सामान खरिद गर्न सक्नेछन् । बोलपत्र फाराम खरिद गर्न आउँदा व्यक्ति भएमा नागरिकताको फोटोकपी वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र र संघ सस्थाका हकमा संस्था दर्ता, भ्याट, प्यानमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि एवं आ. व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदनसाथ पेस गर्नुपर्नेछ ।

२. बोलपत्रदाताले संस्था दर्ता, भ्याट, दर्ता प्रमाणपत्रको प्रतिलिपि एवं कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित सिलबन्दी बोलपत्र फाराममा सहीछाप गरी लाहाछाप लगाइ पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी बोलपत्र पेस गर्दा सिलबन्दी खाम बाहिर झुरा कागज, लाप्सा कागज, पुराना अखबार, आल्मुनियम पाता एवं कोर पाइप सम्बन्धी सिलबन्दी बोलपत्र भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यालय प्रमुखज्यू गोरखापत्र संस्थान, प्रदेशस्तरीय प्रकाशन कार्यालय, विराटनगर नामले सम्बोधन गर्नुपर्नेछ ।

४. सिलबन्दी बोलपत्रदाताले बोलपत्र सूचनामा तोकिए बमोजिमको धरौटी रकम संस्थानको एन.आई.सी. एसिया बैंक पुष्पलाल चोक (विराटनगर) स्थित चल्ती खाता नं. ०६९४१५००२३११०००२ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैंकबाट सो रकम बराबरको कम्तीमा १२० दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी बोलपत्र पेस गर्नुपर्नेछ ।

५. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१औँ दिन अर्थात् मिति २०७७।९।६ गते अपरान्ह १२:०० बजेभित्र सिलबन्दी बोलपत्र कार्यालयमा दर्ता भइसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट बुझाउन सकिनेछ । प्राप्त भएका बोलपत्रहरू सोही दिनको अपरान्ह २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका, तथा म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही गरिनेछैन ।

६. सिलबन्दी बोलपत्रमा उल्लेख गरेको दररेट अङ्क र अक्षर दुवैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ, फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ । आफूले उल्लेख गरेको रकम भ्याटबाहेक भनी स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ, उल्लेख नभएमा उल्लेखित रकम भ्याटबाहेक भनी बुझिनेछ ।

७. माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रदातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पूरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ ।

८. हुलहुज्जत, मिलोमतो र सर्तहरू राखी प्राप्त भएका, रीत नपुगेका तथा म्याद नाघी आएका बोलपत्रहरू स्वत रद्द हुनेछन् ।

९. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र कार्यालयमा उपस्थित भई द्विपक्षीय सम्झौता गर्नुपर्नेछ । उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी रकम जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ ।

१०. स्वीकृत बोलपत्रदाताले सम्झौता भइसकेपछि कबुलियत बमोजिमको कार्य नगरेमा संस्थानले सम्झौता तोडी निजले राखेको धरौटी रकम तथा जमानतबापतको रकम जफत गर्नेछ ।

११. यसमा नपरेका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

**गोरखापत्र संस्थान**
**प्रदेशस्तरीय प्रकाशन कार्यालय**
**विराटनगर**